थाहानगर गोपाली गाउँको ऐतिहासिक मछिन्द्र फल्चा पुर्ननिर्माण । पृष्ठ ५ मा


# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक



कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१७, अंक-१८ ● २०८१ मंसिर ०३ गते सोमबार, ● 18 November, 2024, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## जनकल्याण माविले उचाल्यो थाहा राष्ट्रपति रनिङ शिल्ड



विकास संवाददाता

थाहानगर

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको जनकल्यणण माविले अहिलेसम्मकै पदकको रेकर्ड तोड्दै थाहानगर राष्ट्रपति रनिङ शिल्ड, २०८१ को उपाधि चुमेको छ । जनकल्याणले थाहानगर राष्ट्रपति रनिङ शिल्ड, २०८१ मा २८ स्वर्ण पदकसहित ८ रजत र १० काश्य पदक पाएको छ । जनकल्याणले राष्ट्रपति रनिङ शिल्ड, २०८० को प्रतियोगितामा १७ र २०७९ को प्रतियोगितामा १५ स्वर्ण सहित उपाधि जितको थियो । गत ६ वर्षको साविक विजेता समेत रहेको जनकल्याण माविले सातौ पटक अत्याधिक पदकसहित जित आफ्नो पोल्टामा पारेको हो ।

प्रतियोगितामा ८ स्वर्ण ५ रजत १ काश्यसहित स्वच्छन्द भैरव मावि थाहा-९ चित्लाङ दोस्रो भएको छ । २ स्वर्ण ७ रजत र ९ काश्य पदकसहित सुनौला मावि थाहा- १ तेस्रो भएको छ ।

राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा प्रथम भएसंगै जनकल्याण माविले नगद २५ हजार शिल्ड मेडल र प्रमाणपत्र, द्वितीय भएको स्वच्छन्द भैरव माविले नगद १५ हजार शिल्ड मेडल र प्रमाणपत्र, तृतीय भएको सुनौला माविले नगद १० हजार शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । तीन वर्षको नतिजा हेर्दा जनकल्याणको उपाधिमा कुनै पनि विद्यालयहरू प्रतिस्पर्धामा छैनन् । २०७९ को उत्कृष्ट ३ मा समावेश भई दोस्रो स्थान हासिल गरेको सुनौला मावि २०८१ मा उत्कृष्ट ३ बाट बाहिरिएको छ भने २०८१ मा तेस्रो स्थानसहित कमब्याक भएको छ । २०७९ मा तेस्रो भएको बज्रवाराही मावि २०८० र २०८१ मा उत्कृष्ट ३ भित्र पर्न सकेन । २०८० को दोस्रो भएको बागेश्वरी मावि थाहा(११ र तेस्रो भएको झम्केश्वरी मावि थाहा-१ पनि २०८१ को प्रतियोगितामा उत्कृष्ट ३ बाट बाहिरिएका छन् ।

त्यस्तै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामै अंक जोडिने गरी संचालन भएको मेयरकप भलिबल प्रतियोगिताको छात्रतर्फ स्वच्छन्द भैरव मावि थाहा-९ चित्लाङ प्रथम र द्वितीय मत्स्यनारायण मावि भएको छ । छात्रातर्फ प्रथम मत्स्यनाराण मावि प्रथम र नाटेश्वर मावि थाहा-१० टौखेल द्वितीय भएको छ । दुवै तर्फका प्रथम हुनेले १५/१५ हजार नगद र द्वितीय हुनेले १०/१० हजार नगद, शिल्ड तथा प्रमाणपत्र पुरस्कार पाएका छन् ।

कार्यक्रमका विजयी विद्यालय तथा विद्यार्थी खेलाडीहरूलाई पुरस्कार कार्यक्रमका प्रमुख अतिथी नगर प्रमुख विष्णु बहादुर विष्ट तथा उपप्रमुख भरत गोपाली र अतिथीहरूले वितरण गरेका थिए । कार्यक्रममा नेपाली काँग्रेसका नगर उपसभापति नवराज कार्की, नेकपा (माओवादी केन्द्र) का थाहानगर अध्यक्ष बिनोद लामा, नेकपा (एकीकृत समाजवादी) थाहानगर अध्यक्ष सुरेन्द्र थापा, राप्रपाका कुलमान तामाङलगायत

पदक तालिका पेज ६ मा

राजनीतिक दलका प्रतिनीधिहरूको उपस्थिती रहेको थियो । सो अवसरमा थाहा नगरपालिका अन्तर्गतका वडाध्यक्षहरू, विभिन्न विषयगत समितिका पदाअधिकारीहरू, स्थानीय संघसंस्थाका प्रतिनीधिहरू, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रतिनीधिहरू, खेलकुदका निर्णायकहरू लगायतकाको उपस्थिती थियो । पुरस्कार वितरण तथा समापन कार्यक्रम थाहानगर

बाँकी पेज ६ मा

## 'ड्रागन फ्रुट' खेतीतर्फ किसान आकर्षित

◆ विकास संवाददाता

मकवानपुरका दुई पालिकाका किसान 'ड्रागन फ्रुट' खेतीतर्फ आकर्षित भएका छन्। सुख्खा ठाउँमा खेती गर्न सकिने, खेती गरिएको जमिनभित्र अग्ला नहुने विभिन्न जातका फलफूल, अदुवा बेसार, लसुन प्याजलगायत सागसब्जी घुसुवा बादीको रूपमा उत्पादन गर्न सकिने भएपछि किसानहरू यसतर्फ आकर्षित भएका हुन्।ड्रूगत फ्रुटु वर्षमा दुई पटक उत्पादन दिने गर्दछ ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका र मकवानपुरगढी गाउँपालिकामा 'ड्रागन फ्रुट्' खेतीमा किसानको आकर्षण धेरै छ । खेत भाडामा लिएर समेत यसको खेती गर्न थालेका छन् । मकवानपुरगढी गाउँपालिकाको धादिङ, ज्यामिरे, डुम्रेकुना लगायतका क्षेत्र, हेटौंडा उपमहानगरपालिकाको पदमपोखरी, हटिया लगायतका क्षेत्रमा यसको खेती गर्ने किसानहरू बढेका छन् ।

पहिला ड्रागनका फाइदासहित यसका बारेमा जानकारी नहुँदा खेतीप्रति आकर्षण नभएको बताउँदै पछिल्लो समय सामाजिक सञ्जाल युट्युब हेरेर जानकारी पाएपछि व्यावसायिक खेती विस्तार गर्नेहरू बढेका छन् । "सुरूमा खेती गर्दा गाउँलेले 'यो सिउँडी जस्तो के खेती गरेको ?' भनेर आलोचना पनि गर्नुभयो। पहिलो उत्पादन गाउँलेलाई चखाएपछि उहाँहरूले पनि खेतीप्रति चासो देखाउन थालेको मकवानपुरगढी ५ ज्यामिरेका नबराज हुमागाईले बताए । अहिले हेटौंडा बजारमा 'ड्रागन फ्रुट'को माग पनि निकै बढेको बताए ।

वर्षमा दुई पटक उत्पादन दिने यो फल स्वादिलो हुनुका साथै पर्याप्त पौष्टिक तत्व पनि पाइने भएकाले अन्तर्राष्ट्रिय बजारबाट यसको माग बढी आउने गरेको छ । अहिले स्थानीय क्षेत्रमा पनि यसको माग पहिलेको तुलनामा बढेको किसानहरू बताउँछन् । यो फल बिरामीका लागि उपयुक्त हुने चिकित्सकहरूले बताएका भन्दै प्रशस्त उत्पादन भए बजारीकरणको समस्या आउँदैन ।


थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

जनहीतमा जारी सन्देश !

१. घर-टहरा आदि संरचना बनाउनु अघि अनिवार्य रूपमा नक्सा पास गरौं ।
२. सबै नगरबासीहरूले आफ्नो टोल, चोक गल्ली, बाटो-घाटोका साथै सार्वजनिक जग्गा, मठ-मन्दिर, पाटी-पौवा, नदीनालाहरू र अन्य सार्वजनिक स्थलहरूको संरक्षण गरौं ।
३. सार्वजनिक स्थलहरूमा जथाभावी फोहर नगरौं । वातावरण जोगाऔं ।
४. नगरपालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरूले अनिवार्य रूपमा आफ्नो व्यवसाय वडा कार्यालयमा दर्ता गरेर (सम्बन्धित निकायमा ईजाजत लिनुपर्ने भएमा लिएर) मात्र व्यवसाय सञ्चालन गरौं ।
५. सडकमा निर्माण सामाग्री, व्यावसाय जन्य ठेलागाडा नराखौं; अव्यवस्थित पार्किङ नगरी सडक अतिक्रमण हुनबाट रोकौं ।
६. सडकमा पैदल यात्रीलाई पहिलो प्राथमिकता दिऔं ।
७. कुनै पनि किसिमको व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाईं-सराई, सम्बन्ध बिच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रूपले दर्ता गर्ने गरौं ।
८. नगरपालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै नगरवासीले सहयोग गरौं !
९. आफ्ना बालबालिकाहरूलाई उपयुक्त समयमा नै खोप लगाई सम्भावित रोगबाट बचौं !
१०. ट्राफिक सिग्नल र नियमको पालना गरौं, तीव्र गतिमा सवारीसाधन नचलाऔं, पैदलयात्रीलाई पहिलो प्राथमिकता दिऔं ।
११. सार्वजनिक स्थलबाट १०० मि. वरपरको क्षेत्रभित्र सूर्तीजन्य पदार्थको सेवन तथा बिक्री वितरण गर्ने/गराउने नगरौं ।

बाल बिवाह रोक्नु सबैको दायित्व

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० बर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० बर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४
✓ विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)
✓ तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।
✓ विवाह गर्न पूरा हुनु पर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन

मनहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

# • सम्पादकीय •

## विकासमा ब्रेक लगाउने बेथिति

समग्रमा विकासको गति निकै सुस्त छ । केही विकास निर्माणका योजनामा त यो गति ठप्पजस्तो देखिएको छ । कतिपय महत्वपूर्ण योजनामा काम गर्ने ठेकेदार कम्पनी नै काम अलपत्र पारेर भागेको वा छोडेर हिंडेको अवस्था छ । विदेशमा राम्रो काम गरेर ख्याति कमाएका कम्पनीहरुले समेत नेपालमा राम्रो काम गर्न नसक्ने परिस्थिति किन छ, यो गम्भीर विषय हो । अब सबै पक्ष जिम्मेवारीका साथ समस्या समाधानको बाटोमा लाग्नुपर्छ । मुलुकको स्थायी सरकार मानिने कर्मचारीतन्त्रले अझ बढी गम्भीरता र इमानदारिता देखाउन सक्नुपर्छ । कर्मचारी प्रशासनमाथि धेरै प्रश्नहरु उठेका छन् । निर्माण कम्पनीहरुले सहजढंगले काम गर्ने वातावरण बनाउनेतर्फ उनीहरुले ध्यान पुऱ्याएको पाइन्न । अझ बढी दु:ख दिने गरेको गुनासो सुनिन्छ । नेपालमा योजनाबद्ध विकास प्रक्रिया शुरु भएको सात दशक पुग्दैछ । नेपालसँगसँगै स्वतन्त्रता हासिल गरेर विकासको बाटोमा सँगसँगै अगाडि बढेका छिमेकी मुलुकहरु चीन र भारत तीव्र विकासको गतिमा अगाडि बढिरहेका छन् । चीन संसारकै सबैभन्दा ठूलो र बलियो अर्थतन्त्रको रुपमा विकसित भइरहेको छ भने भारतले तीव्र विकासको गति अगाडि बढाइरहेको छ । तर हाम्रो विकास निर्माणका हरेक काममा अधोगति देख्न सकिन्छ । अहिले त केन्द्र मात्र नभएर प्रदेश र स्थानीय सरकारमार्फत् विकास बजेट परिचालन भइरहेको छ । तर तीनै तहका सरकारहरुमा विकृति विसंगतिको चाङ लागेकोले जताकतै विकास निर्माणको काम अस्तव्यस्त छ । स्थानीय पालिकाहरुको आफ्नै घर आँगनमा विकास निर्माणको विकृति देख्न सकिन्छ । गुणस्तरहीन काम गरेर कमाउने प्रवृत्ति बढिरहेको छ ।

नेपालले विकासको राम्रो र गतिलो मोडेल नै स्थापित गर्न सकेन । उपभोक्ता समिति बनाएर जनस्तरबाट गरिने काममा समेत राजनीतिक भागवण्डा र चरम बेथिति छ । विकास बजेटको ठूलो हिस्सा झण्डै पचास प्रतिशत रकम असार महिनामा खर्च गर्ने प्रवृत्तिमा कुनै सुधार आउन सकेको छैन । 'असारे विकास' को रुपमा यो प्रवृत्ति निकै बदनाम भइसकेको छ । अन्तिम समयमा काम गरेर बजेट सिध्याउनुका पछाडि भ्रष्टाचार गर्ने मनसाय लुकेको प्रष्ट छ । यो खुला सत्य जस्तै भइसकेको छ । तर यसलाई रोक्ने काम कतैबाट हुन सकेको छैन । असारे विकासको यही बेथिति रोक्न पछिल्लो पटक संघीय सरकारले जेठ १५ मै बजेट ल्याउने सवैधानिक व्यवस्था गरेको थियो । नयाँ संविधान बन्नुअघि असार अन्तिममा मात्रै बजेट सार्वजनिक हुन्थ्यो । नयाँ संविधान र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघीय सरकारको बजेट १५ जेठमा आउनैपर्छ । त्यस्तै प्रदेश सरकारले असार १ गतेभित्र र स्थानीय सरकार ले असार १० भित्र बजेट पेश गर्नुपर्ने प्रावधान छ । विकासको नयाँ मोडेल स्थापित गर्नुको साटो पुरानै विकृतिमा रमाउँदा व्यवस्थाप्रति नै जनताको असन्तुष्टि र आक्रोश बढ्दैछ । त्यसैले सुधारको थालनी गर्ने बाटोमा तत्कालै लाग्न जरुरी छ ।

मूलरुपमा भन्नु पर्दा नेपालमा हरेक गलत धन्दाहरु राजनीतिक संरक्षणमा मौलाइरहेको अवस्था छ । विकास निर्माणसँग जोडिएका ठेकेदार, प्राविधिक, कर्मचारी वा उपभोक्ता समूह समेत कुनै न कुनै दलसँग जोडिएका छन् । उनीहरुको अन्तरसम्बन्ध बलियो ढंगले कसिएको हुन्छ । राजनीतिक संरक्षणमा फैलिएको बेथितिपूर्ण अवस्थाको अन्त्य नगर्दासम्म नयाँ नेपाल बनाउने कुरा गफ मात्र हुनेछ । अब कम्तिमा पनि सुधारको अवस्थातर्फ अगाडि बढ्न आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# पालिका घटाउने कि अधिकार दिने ?



◆ प्रकाश तिवारी

हामीले संघीयताको अभ्यास सुरू गरेको साढे ७ वर्षमात्रै भएको छ । कुनै व्यवस्था प्रभावकारी भए, नभएको निर्णय गर्न यो पर्याप्त अवधि होइन । तर अहिले नै संघीयतासहित शासकीय स्वरूपमा पुन:संरचना गर्ने बहस सुरू भइसकेको छ ।

प्रजातन्त्रपश्चात् नेपाली अर्थतन्त्रलाई नयाँ दिशामा डोऱ्याएका कैयौं नेता संघीयता देशले धान्न सक्दैन भन्न थालेका छन् । वर्तमान संघीय सरकारको गठबन्धन नै संविधान संशोधनको जगमा बनेको भनिएको छ । संविधानमा कस्तो प्रकारको संशोधन गरिने हो त्यो स्पष्ट छैन । संघीयता पुन:संरचनाको पक्षमा उभिएकामध्ये धेरैको तर्क सुन्ने हो भने 'प्रादेशिक संरचना हटाउने र स्थानीय तह घटाउने' भन्ने देखिन्छ । यो हटाउने र घटाउने बहस वास्तवमै कति सान्दर्भिक हो भन्ने पाटोमा खासै छलफल भएको देखिँदैन ।

सुरूमा ५६५ स्थानीय तह बनाउने गरी खाका बनाइएको थियो । तर राजनीतिक दबाब बढेपछि स्थानीय तहको संख्या ७५३ पुऱ्याइयो । यो 'संख्याको राजनीति' लाई छाड्ने हो भने पनि स्थानीय तहको विभाजन गर्दा कतिपय अवस्थामा भौगोलिक सुलभता र नागरिकको सहजतालाई नजरअन्दाज गरिएको देखिन्छ ।

बरू, वडा तथा पालिकाको विभाजन गर्दा त्यस क्षेत्रमा कुन दलको प्रभुत्व छ भन्ने विषयलाई बढी जोड दिइएको जस्तो पनि देखिन्छ । कांग्रेसी मतदाताको घनत्व भएको क्षेत्रलाई एकातर्फ, एमालेका मतदाता बढी भएको क्षेत्रलाई अर्कोतर्फ र माओवादीका मतदाता ज्यादा भएका ठाउँ अर्कोतर्फ हुने गरी कैयौं वडा तथा पालिकाको सीमारेखा कोरिएका छन् । यसबाहेक साविकका गाउँ विकास समिति (गाविस) लाई सकेसम्म 'नफुटाऊ' भन्ने मान्यतामा पुन:संरचनाको खाका कोरिएको देखिन्छ ।

कैयौं गाउँबस्ती कुनै अर्को वडाका कार्यालय वा पालिका केन्द्रसँग भौगोलिक रूपमा नजिक छन् । तर ती गाउँबस्तीका मानिस आफ्नो वडा वा पालिका जानुपऱ्यो भने निकै टाढा पुग्नुपर्ने र बाटोलगायत पूर्वाधार पनि कमजोर रहने अवस्था धेरैतिर देखिएको छ । यसले स्थानीय सरकार र बस्तीबीचको दूरी बढाइदिएको आभास हुन्छ । यी कुरालाई सच्याउँदै जाने र जनतालाई सकेसम्म सहज सेवा प्रदान गर्ने बाटो खोज्नुपर्ने विषयमा बहस उठेको देखिँदैन । एकैपटक 'अर्थतन्त्रले धान्न सक्दैन' भन्ने भाष्य निर्माण गरिँदै लगेको देखिन्छ ।

२०४९ सालमा स्थानीय स्वायत्त शासन ऐन आइसकेपछि त्यसले एक प्रकारको संघीय ढाँचालाई अभ्यासमा ल्याएको थियो । त्यसबेला विनियोजन गर्ने अधिकार केन्द्रीकृत थियो भने खर्च गर्ने अधिकार विकेन्द्रीकृत थियो । तर त्यसबेला पनि दुईपल्ट भन्दा बढी स्थानीय निर्वाचन हुनै पाएन । दोस्रो निर्वाचन २०५४ मा सम्पन्न भएपछि त्यसपछि चुनाव भएन । त्यसयता २०७४ सम्म कर्मचारीले नै स्थानीय निकायमाथि ज्यादातर तजबिजी गर्ने परिपाटी बन्यो । जिल्ला र स्थानीय तहमा सर्वदलीय संयन्त्र बनाएर विनियोजन प्रक्रियामा साक्षी त राखिन्थ्यो, तर सम्पूर्ण कार्यकारी अधिकार कर्मचारी प्रशासनको हातमा पुग्यो । आज पनि ग्रामीण पूर्वाधारका ढाँचालाई नियाल्ने हो भने यसको परिकल्पना २०४९ देखि २०५५ कै बीचमा भएको धेरैजसो उदाहरण पाइन्छ ।

तसर्थ, त्यसबेलामा स्थानीय निकायको आवधिक निर्वाचनलाई नरोकिएको थियो र त्यो संयन्त्र जीवन्त हुन्थ्यो भने अहिलेसम्म हाम्रो विकासको स्तर धेरै अघि बढिसक्ने थियो । त्यसबेला कुनै न कुनै बहानामा स्थानीय निकायलाई कमजोर बनाइयो । अहिले पुन: त्यसैगरी अवास्तविक तर्कको जगमा नवीन भाष्य सिर्जना गरेर स्थानीय तहमाथि नै धावा बोल्ने कोसिसको आभास हुन्छ ।

अहिले नै कतिपय मानिस यही संरचनामा 'संघीयता धान्न सकिँदैन' भन्ने तर्क दिइरहेका छन् । अब हामीले पालिकाको संख्या घटाउने हो भने त्यसबाट साँच्चै घट्ने वा बचत हुने के हो त ? अहिले ७५३ स्थानीय तहलाई ३०० मै झार्ने हो भने पनि के जोगिन्छ ? पालिकाको संख्यामात्रै घटाएर वडालाई जस्ताको तस्तै राख्ने हो कि वडाको संख्या पनि घटाउने हो ? यस्ता विषयमा बहस भएको देखिँदैन । हामीले कामको चाप र क्षेत्राधिकारलाई हेर्ने हो भने अधिकांश वडाध्यक्ष र वडाका कर्मचारीलाई अहिलेकै वडा पनि 'ठूलो' भएको देखिन्छ । बढी जनसंख्या भएको वडामा बिहानदेखि बेलुकासम्म खटेर काम गर्दा पनि उसले नागरिकलाई 'चित्तबुझ्दो' सेवा दिन नसक्ने अवस्था देखिएको छ । मानिसले विकास निर्माण भइरहेका क्षेत्रमा पनि वडाध्यक्ष खोजिरहेका हुन्छन् । अनुगमनमा, स्वास्थ्य, शिक्षालगायतका कार्यक्रममा मात्रै होइन विवाह, व्रतबन्ध, काजकिरिया भएका स्थानमा पनि वडाध्यक्षको प्रतीक्षा गरिएको हुन्छ । आफ्नो पालिकामा भएका स्वास्थ्य संस्था र विद्यालयको व्यवस्थापनमा र पदेन सदस्य रहने संस्थामा प्रतिनिधित्व गर्नुपर्छ । नागरिकलाई विभिन्न घुम्ती सेवामार्फत सुविधा दिइरहनुपरेको छ ।

यी सबै काम वडा कार्यालयमा बसेर दिइने सार्वजनिक सेवाभन्दा बाहेकका हुन् । एउटा वडामा ४ जना सदस्य छन् । उनीहरूलाई पनि काम पर्याप्त पुगेको छ । कतिपय वडा विभाजन गरेर संख्या बढाउनुपर्ने वास्तविकता तल्लो तहमा देखिन्छ । अब वडाको संख्या नघटाउने हो भने स्थानीय तह घटाउने भनेको के हो ? सामान्य भाषामा मेयर /अध्यक्ष उपमेयर/उपाध्यक्ष र प्रशासकीय प्रमुख घटाउने हो ? स्थानीय तहको आकार बढाएर संख्या घटाउँदा पनि सेवा प्रवाहलाई खुम्च्याउन त सकिँदैन ।

तसर्थ केही शाखा प्रमुखबाहेक ठूलो मात्रामा कर्मचारी कटौती गर्न पनि सम्भव नहोला । यसरी हेर्दा ७५३ बाट स्थानीय तहको संख्या ३०० मा झार्ने हो भने पनि ४५३ जना प्रमुख वा अध्यक्ष र त्यति नै उपप्रमुख वा उपाध्यक्षको संख्या घट्छ । कर्मचारीको हकमा पनि त्यति नै संख्यामा प्रशासकीय प्रमुख र केही शाखा प्रमुखहरूको संख्या घट्ला । हामीले स्थानीय तहको संख्या कम गरेर मात्रै सार्वजनिक खर्चलाई व्यापक आकारमा घटाउन सक्दैनौं । तर स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरेर आन्तरिक आय बढाउने सम्भावना प्रशस्त छन् । कुनै स्थानमा हामीले पर्यटन सेवालाई बढावा दिन सक्छौं ।

काठ तथा जडीबुटीजस्ता वनजन्य स्रोतको उपयोग बढाउन सक्छौं । सिँचाइ सुलभ ठाउँ छ भने कृषिका लागि उपयोग गर्न सक्छौं । प्राकृतिक स्रोत, सांस्कृतिक सम्पदा र धरोहरलाई स्थानीय सरकारको स्रोत अभिवृद्धि गर्ने काममा कसरी प्रभावकारी उपयोग गर्न सकिन्छ भनेर छलफल हुनुपर्ने आवश्यकता छ । आज हामी आफ्नो गाउँघरमा उपलब्ध स्रोत साधनको प्रयोग नगरी आयातित वस्तुको उपयोग गरिरहेका छौं । यसले एकातिर हाम्रो सम्पत्ति बाहिरिइरहेको छ भने अर्कातिर राष्ट्रिय स्रोत साधनको सही उपयोग हुन सकेको छैन ।

स्थानीय तहको एकल अधिकार भनेर संविधानको अनुसूची ८ मा व्यवस्था गरि एका कयौं विषय सम्बद्ध कानुन अहिलेसम्म बन्न सकेका छैनन् । शिक्षाको क्षेत्रमा सुधार गर्छौं भनेर स्थानीय सरकारले प्रयास गर्ने हो भने २०२८ सालको ऐन र २०५९ सालको नियमावली देखाएर काम गर्न रोकिराखेको अवस्था छ । स्थानीय तह संविधानले आफूलाई दिएको अधिकार उपयोग गर्नका निम्ति पनि मुद्दा लडिरहनुपर्ने बाध्यता बनेको छ । यो परि स्थिति स्थानीय तहका कारण सिर्जना भएको होइन ।

अझै पनि कतिपय विषयमा स्थानीय तहको क्षमता नै कमजोर भएका कारण तल्लो तहमा अधिकार हस्तान्तरण गर्नु हुँदैन भन्ने तर्क अघि सारिएको पाइन्छ । तर यो तर्क पूर्णत: प्रतिगामी हो । कुनै पनि व्यक्ति वा संस्थाले काम गर्ने अख्तियारी प्राप्त नगरेसम्म उसको सीप र सामर्थ्य विकास नै हुँदैन । संविधानले दिएका अधिकार स्थानीय निर्वाचनपछि गठन भएका पालिकाले पहिलो दिनदेखि नै अभ्यास गर्न पाएका भए बितेको साढे ७ वर्षमा धेरै राम्रोसँग क्षमता विकास भइसक्ने थियो । संविधान निर्माणको चर णमा शिक्षा, स्वास्थ्यजस्ता बृहत्तर क्षेत्रहरूको नीतिगत निर्णय र कार्यक्रम सञ्चालन गर्ने अधिकार केन्द्र वा प्रदेशलाई र अनुगमन तथा मूल्यांकन गर्ने अधिकार स्थानीय तहलाई दिइएको भए सजिलो पर्ने थियो होला । अब त्यसो गर्न सम्भव छैन । अब त स्थानीय तहको क्षमता विकासमा केही जोड दिएरै भए पनि यी अधिकार तल्लो तहमा हस्तान्तरण गर्नुपर्ने अवस्था छ ।

*(तिवारी अर्जुनचौपारी गाउँपालिकाका अध्यक्ष हुन् ।)*

# अनेक हुन्छन् कम्मर दुखाइका कारण

कम्मर दुखाइ यस्तो स्वास्थ्य समस्या हो, जसले धेरै व्यक्तिलाई जीवनमा कुनै न कुनैबेला प्रभावित बनाएकै हुन्छ । यो दुखाइले मानिसको दैनिक जीवनमा असहजता ल्याउन सक्छ र शारीरिक गतिलाई सीमित गर्न सक्छ ।

कम्मर दुखाइ विभिन्न कारणले उत्पन्न हुनसक्छ र यसको रोकथाम तथा उपचारमा उचित ज्ञान महत्त्वपूर्ण छ ।



### कम्मर दुखाइको कारण

***-मांसपेशी र लिगामेन्टको समस्याः*** मांसपेशी तानिनु, तानिएको लिगामेन्ट वा पिठ्युँको मांसपेशीमा अधिक तनावका कारण कम्मर दुखाइ हुनसक्छ ।

- **हड्डीसम्बन्धी समस्या :** मांसपेशीको कमजोरी, हड्डीमा चोटपटक वा स्लिप डिस्क जस्ता हड्डीसम्बन्धी समस्याले पनि कम्मर दुखाइ उत्पन्न गर्न सक्छ ।
- **असामान्य शारीरिक गतिविधिः** लामो समयसम्म उभिने, बस्ने वा गलत ढंगले भारी वस्तु उठाउँदा कम्मर दुखाइ हुनसक्छ ।
- **थाइराइड र किड्नीको समस्याः** कहिलेकाहीं यी स्वास्थ्य समस्याले पनि पनि कम्मर दुखाइ हुनसक्छ ।

### कम्मर दुखाइका लक्षण

- पिठ्युँको तल्लो भागमा असहजता वा दुखाइ हुनु
- पिठ्युँबाट तल्लो खुट्टातिर दुखाइ फैलिनु
- थकान वा कमजोरी महसुस हुनु
- लामो समयसम्म उभिनु वा बस्न कठिनाइ हुनु

### रोकथामका उपाय

- सही शारीरिक स्थितिको पालना गर्नु : सही ढंगले बस्ने र उभिने बानीको विकास गर्नु महत्त्वपूर्ण छ । ढाड सिधा राखी बस्दा र सही तरिकाले भारी वस्तु उठाउँदा कम्मर दुखाइ कम गर्न सकिन्छ ।
- **व्यायामः** कम्मरको मांसपेशीलाई मजबुत बनाउन योग, स्ट्रेचिङ र नियमित व्यायामको अभ्यास गर्नु जरूरी छ ।
- **सन्तुलित आहारः** स्वस्थ आहारले शरीरको हड्डीलाई मजबुत बनाउन मद्दत पुऱ्याउँछ । पर्याप्त क्याल्सियम र भिटामिन डीको सेवनले हड्डी बलियो हुन्छ ।
- **धुम्रपान र मध्यपान नगर्नुः** यो बानीले हड्डी कमजोर बनाउन सक्छ र दुखाइ बढाउन सक्छ ।

### उपचार

- **आराम र तातो/चिसो थेरापीः** कम्मरमा दुखाइ हुँदा आराम गर्नु र तातो वा चिसो थेरापी गर्नु फाइदाजनक हुनसक्छ ।
- **फिजियोथेरापीः** फिजियोथेरापी विशेषज्ञको सल्लाहअनुसार गरिने व्यायामले कम्मर दुखाइलाई कम गर्न मद्दत पुऱ्याउँछ ।
- **औषधि उपचारः** चिकित्सकको सल्लाहअनुसार आवश्यक परे दुखाइ निवारक औषधि लिन सकिन्छ । तर सकेसम्म नलिनु राम्रो हुन्छ ।
- **शल्यक्रियाः** गम्भीर अवस्थामा शल्यक्रिया पनि आवश्यक पर्न सक्छ, तर यो अन्तिम उपायको रूपमा मात्र लिइन्छ ।

# बालबालिकालाई प्रश्न सोध्न किन प्रोत्साहित गर्ने?



बाल्यकाल सम्झिंदा किन हामी रोमाञ्चित हुन्छौं ? सम्भवतः त्यसबेलाको क्षण हाम्रो स्मृतिमा यसरी बसेको हुन्छ, जुन वर्तमानमा औधी मिठासपूर्ण लाग्छ । मनमा संवेग, भावना, कोमलता स्वतःस्फूर्त रूपमा आउने गर्छ । प्रत्येक मानिसको आ–आफ्नै तर फरक–फरक किसिमको बाल्यकाल हुन्छ ।

आफ्नो परिवार, समाज, साथीसंगी, वस्तु परिस्थिति अनुसार उसले आफ्नो बाल्यकाल बिताएको हुन्छ । अहिले मलाई आफ्नो बाल्यकालको बारेमा सम्झिरहँदा आजका बालबालिकाले मेरो जस्तो बाल्यकाल बिताउन पाएका छैनन् जस्तो लाग्छ ।

मैले बिताएको समय र समाज अहिलेको समय र समाज एकै नहुनु त्यो लाग्नुको प्रमुख कारण हो । समयको अन्तरालसँगै प्रविधि तथा मानिसको चेतनास्तरमा आएको परिवर्तनका कारण एकै किसिमको हुन दिंदैन ।

यो निरन्तर परिवर्तनीय छ । मेरो बाल्यकालको थोरै स्मरण गर्नुपर्दा मलाई अहिले पनि याद छ म बुवासँग हाट बजार जाँदा मैले एकै पटक धेरै मानिस देखेको, प्रशस्त मात्रामा पसल देखेको, बजारमा विभिन्न प्रकारका पसलमा विभिन्न साम्रग्री देखेको ।

सबै मानिस आ–आफ्नै धुनमा हिंडिरहेको कसैले कसैलाई वास्ता नगरीकन आ–आफनै रफ्तारमा अगाडि बढेको देखें । गाँउघरमा त्यस्तो दृश्य नहुने भएकाले गर्दा मलाई त्यस्तो दृश्य देख्दा अचम्म लाग्ने गर्थ्यो । समय कति चाँडो बित्दो रहेछ भने अहिले म त्यही प्रक्रियामा छु, तर मेरो भूमिका फरक छ म अहिले बुवाको भूमिकामा पुगिसकेको छु ।

छोरीले त्यसरी नै बजारका ती वस्तु देख्दा मलाई विभिन्न प्रश्न सोध्ने गर्छिन् । बाटोमा हिंड्दै गर्दा कतै मन्दिर देख्दा त्यसको बारेमा सोध्ने गर्छिन्, म उनलाई विस्तारमा त्यसको बारेमा जानकारी दिने गर्छु । कुनै नयाँ चीज देख्ने बित्तिकै उनको प्रश्न मतिर आउने गर्छ ।

त्यसको उत्तर मैले जाने जति दिने गर्दछु । कहिले पनि हतारमा थाहा छैन भनेर म उनको प्रश्नबाट भाग्ने गर्दिनँ । किनकि सिकाइ भनेकै यहीं हो । छोरीले विद्यालयमा गरेका उनका साथीसँग भएको कुराकानी उनी विद्यालयबाट आउने बित्तिकै भन्ने गर्छिन् म बिस्तारमा उनको कुरा सुन्ने गर्छु । उसको आत्मविश्वास वृद्धि होस् भन्ने उद्देश्यले पनि म उनका कुराहरू नकाटीकन सुन्ने गर्छु ।

म सानो छँदा कसैलाई प्रश्न सोध्न असाध्यै डर लाग्थ्यो । त्यही भएर त्यस्तो डर अहिलेका बालबालिका आउन नदिन पनि वयस्कले बालबालिकाको कुरा सुन्ने गर्नुपर्छ । बालबालिकाहरूको प्रश्न गलत हुँदैन बरू समय सन्दर्भ नमिल्न सक्छ तर त्यसलाई मिलाएर बुझ्ने जिम्मेवारी वयस्क मानिसकै हो । प्रश्नकै कारण उनीहरू सिर्जनशील हुने गर्छन्, जिज्ञासु स्वभावका हुने गर्छन् जतिसक्दो बालबालिकालाई प्रश्न सोध्न प्रोत्साहन गर्नुपर्छ । जसको कारण उनीहरू जिम्मेवार पनि बन्ने गर्छ ।

मैले कतिपय बालबालिका विद्यालय जाने बेलामा आफ्ना अभिभावकलाई पैसा माग्ने गरेको देख्छु । जुन पैसाले स्वास्थ्यलाई असर पुग्ने किसिमका खानेकुरा खाने गरेको पनि पाउँछु । जसकारण उनीहरूको स्वास्थ्यलाई दीर्घकालीन रूपमा असर पुगिरहेको हुन्छ । बरू त्यसको सट्टामा घरमै बनाएको खानेकुरा खान उनीहरूलाई प्रोत्साहन गर्नुपर्छ । यस्ता विषयमा उनीहरूसँग सानैबाट कुरा गरिएन भने ठूलो भएपछि एक्कासि भन्दा उल्टै उनीहरूले कुरा काट्ने र उनीहरूमा हीनताको भावना आउने सम्भावना हुन्छ । त्यसकारण अभिभावकहरूले यस्ता विषयमा उनीहरूसँग घरमा बारम्बार छलफल गर्नुपर्छ ।

बालबालिकाहरू बिरामी हुँदा प्रायः अनौठो किसिमको सपना देख्ने गर्छन् । कुनै घटना, स्थान वा कतै देखेको वा कल्पना गरेको कुनै वस्तुहरूको बारेमा उनीहरूले सपना देख्ने गर्छन् । म आफू पनि सानो छँदा बिरामी हुँदा त्यस्तै किसिमको सपना देख्ने गर्थें, जसको कारण मलाई डर लाग्ने गर्थ्यो ।

यस्ता विषयहरूमा पनि बालबालिकाको कुरा सुन्ने उनीहरूको मनोविज्ञान बुझ्ने प्रयत्न गर्नुपर्छ । बालबालिकाहरूले विश्लेषात्मक तरिकाबाट सोच्ने भन्दा पनि भावनात्मक रूपमा सोच्ने गर्दा उनीहरू संवेदनशील हुने गर्छन् सानो कुराले पनी उनीहरूलाई ठूलो असर पुग्छ । उनीहरूको त्यो भावना बुझेर वयस्कले व्यवहार गर्ने हो भने बालबालिकाले सजिलै कुरा बुझ्ने गर्छन् ।

बालबालिकाहरूले चाडपर्वहरूलाई अति नै उत्साहको साथ हेर्ने गर्छन् । भर्खरै मात्र हिन्दु धर्मालम्बीहरूको महान् पर्व दशैं, तिहार, छठपर्व सकिएको छ । बालबालिकाहरूले यस्ता चाडपर्व कहिले आउँछ भनेर महिना गनेर बसिरहेका हुन्छन् । अझ गाँउघरका बालबालिकामा यस्ता कुरालाई बढी नै महत्वका साथ हेर्ने गर्छन् । पर्वलाई केवल मनोरञ्जनको दृष्टिकोणबाट मात्र नभएर उनीहरूलाई यसबाट धेरै कुरा सिकाउन सकिन्छ ।

यतिबेला उनीहरूलाई परिवारको महत्व, आफन्तजनहरूको महत्व, छर छिमेकीहरूको आवश्यकता, कुनै स्थान, आदिको बारेमा जानकारी दिने साथै विभिन्न राम्रा कथा, कहानी, पुस्तक लगायतका विषयवस्तुबारे जानकारी दिनु उपयुक्त हुन्छ । साथै संस्कार संस्कृति र यसले दिने सन्देशहरूको बारेमा पनि उनीहरूँग कुरा गर्न सकिन्छ । यस्ता कुराले बालबालिकाहरू अझ सिर्जनशील, जिज्ञासु स्वभावका हुने कुरामा कुनै द्विविधा छैन । सानैबाट यति कुरा सिकेर वयस्क उमेरमा पुग्दा उनीहरू पक्कै पनि योग्य नागरिक हुनेछन् ।


नगरौं विवाहका कुराः
भएको छैन बीस वर्ष पुरा




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर



थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# २ हजार १ सय ५६ नयाँ उद्योग र व्यापारिक फर्म दर्ता

◆ विकास संवाददाता



बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री शुकमाया तामाङले मन्त्रालय सम्हालेको १०० दिनको कार्यप्रगति विवरण सार्वजनिक गरेकी छन् । गत ९ साउनमा मन्त्री नियुक्त भएकी तामाङले ्प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभाबाट पारि तभई प्रदेश राजपत्रमा प्रकाशनपछि कार्यान्वयनमा आएको बताइन् ।

'प्रदेश औद्योगिक व्यवसाय ऐन' र 'प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन' तयार गरी अन्य मन्त्रालयबाट राय लिई मन्त्रिपरिषद्मा पेश गर्ने प्रक्रियामा रहेको जानकारी दिइन् । मन्त्री तामाङले आर्थिक वर्ष २०८१/८२ का लागि स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याइएको बताइन् । उनले उद्यमी व्यवसायीलाई प्रोत्साहन गर्दै 'प्रविधि हस्तान्तरणसम्बन्धी कार्यविधि, २०७९' मा आवश्यक संशोधन गरी प्रविधि हस्तान्तरण कार्यक्रम अघि बढाउने योजना रहेको उल्लेख गरेकी छन् । यस्तै, अविरल वर्षा र बाढीका कारण उद्योगमा भएको क्षतिका विवरण संकलन गरी प्रदेश नीति तथा योजना आयोगमा पठाइएको छ । मन्त्री तामाङले 'नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१' तर्जुमा गरी उत्कृष्ट उद्यमीलाई सम्मान गर्न यो वर्ष प्रदेशभरबाट १४ जना उद्यमी छनोट गर्ने योजना सार्वजनिक गरिन् ।

साना र घरेलु उद्योगको प्रवर्द्धन साना, घरेलु तथा लघु उद्योगको प्रवर्द्धनमा पनि मन्त्रालयले स्थानीयस्तरमा स्वरोजगारी सिर्जना गर्ने नीति अनुसार तालिम कार्यक्रमको मस्यौदा तयार गरी आर्थिक मामिला मन्त्रालयमा राय माग गरिएको मन्त्री तामाङले जानकारी दिइन् । चालु आर्थिक वर्षमा मात्रै करिब २ हजार १ सय ५६ नयाँ उद्योग र व्यापारिक फर्म दर्ता भइसकेको छ ।

# मकवानपुरको १० पालिकामा ४४ हजार नौ सय स्वास्थ्य बीमामा आबद्ध

◆ विकास संवाददाता

सरकारले सञ्चालन गरेको स्वास्थ्य बीमा कार्यक्रममा मकवानपुरका ४४ हजार नौ सय ६१ जना आबद्ध भएका छन् । गत २०७४ भदौ १ गतेदेखि स्वास्थ्य बीमा कार्यक्रम लागू भएयता हालसम्म मकवानपुरको ८६ हजार दुई सय ७९ घरमध्ये ४४ हजार नौ सय ६१ बीमामा आबद्ध भएको स्वास्थ्य बिमा बोर्ड हेटौँडा मकवानपुरका प्रमुख नरबहादुर खड्काले जानकारी दिए ।

उनका अनुसार सबैभन्दा बढी मकवानपुरको मनहरी गाउँपालिकामा ८० प्रतिशतले स्वास्थ्य बिमा गराएका छन् भने सबैभन्दा कम बागमती गाउँपालिकामा १२ प्रतिशत घरले मात्र स्वास्थ्य बीमा गराएका छन् । मनहरी गाउँपालिकामा सात हजार एक सय ३१, हेटौँडा उपमहानगरपालिकामा २४ हजार आठ सय ३४, मकवानपुरगढी गाउँपालिकामा दुई हजार तीन सय ६६, थाहा नगरपालिकामा तीन हजार एक सय २५, भीमफेदी गाउँपालिकामा एक हजार छ सय ४२, कैलाश गाउँपालिकामा एक हजार चार सय ४९, बकैया गाउँपालिकामा दुई हजार ५६, इन्द्रसरोवर गाउँपालिकामा सात सय १५, राक्सिराङ गाउँपालिकामा नौ सय ५३ र बागमती गाउँपालिकामा छ सय ८३ को स्वास्थ्य बिमा भएको प्रमुख खड्काले बताए ।

कार्यालयमा बीमा दर्ताका लागि थप आवेदनहरू आइसकेको र ती सबै आवेदन दर्ताको तयारी भइरहेको प्रमुख खड्काले बताए । मकवानपुरमा स्वास्थ्य बीमा कार्यक्रम लागू भएपछि स्वास्थ्य बीमा बोर्डले जिल्लाको सम्पूर्ण स्थानीय तहका वडामा सहजकर्तामार्फत प्रचारप्रसारसँगै बीमितहरूको नाम दर्ताको कार्य गर्दै आएको छ । स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध भएकाहरूलाई जिल्लाको आठ वटा स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा लिने गरेका छन् । प्रमुख खड्काका अनुसार स्वास्थ्य बीमामा जोडिएकाहरूलाई मकवानपुरको हेटौँडा अस्पताल, मनहरी आधारभूत अस्पताल, हेटौँडा सामुदायिक आँखा अस्पताल, पालुङ प्राथमिक स्वास्थ्य केन्द्र, भीमफेदी प्राथमिक स्वास्थ्य केन्द्र, बकैया आधारभूत अस्पताल, राक्सिराङ आधारभूत र सिएम सि चुरेहिल अस्पताल प्राली हेटौँडाले स्वास्थ्य सेवा प्रदान गर्दै आएका छन् ।

प्रत्येक वडामा एक/एक जना सहजकर्ता परिचालन गरी बिमाको महत्व, यसको प्रक्रिया र बिमा कार्यक्रमबाट प्राप्त हुने सुविधाहरूका बारेमा प्रचारप्रसार गर्नुका साथै बिमा गराउनेहरूको नाम दर्ताको कार्य भइरहेको प्रमुख खड्काले बताए । सहजकर्तामार्फत दर्ता भएको बीमितहरूको नामलाई प्रत्येक तीन/तीन महिनामा कम्प्युटरमा दर्ता गर्ने गरिएको र अहिले नाम दर्ता हुने बीमितहरूले बिमा सेवा पाउने गरेको उनको भनाइ छ ।

पाँच जनाको परिवारले वार्षिक रूपमा प्रतिपरिवारले रु तीन हजार पाँच सयको प्रिमियम तिरे स्वास्थ्य उपचारबापत वार्षिक रू एक लाखसम्मको स्वास्थ्य बीमा पाइने व्यवस्था छ । पाँच जनाभन्दा बढी सदस्य भएमा प्रति थप सदस्यले वार्षिक रू सात सयका दरले थप प्रमियम तिर्नुपर्ने र सुविधा थैलीमा रू २० हजार थपिने जनाएको छ ।

# ३ मंसिरमा "हेटौँडा रन २०८१" प्रतियोगिता हुने

◆ विकास संवाददाता

हेटौँडा उपमहानगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा आगामी ३ मंसिरमा "हेटौँडा रन २०८१" प्रतियोगिता हुने भएको छ। युवा तथा खेलकुद क्षेत्रको विकासका लागि वार्षिक रूपमा उपमहानगर पालिकाले यस पटक पाँच किलोमिटर दौड प्रतियोगिताको आयोजना गर्ने भएको छ ।

३० कार्तिकमा पत्रकार सम्मेलन गरी खेलकुद विकास समितिका अध्यक्ष रविन्द्र घिमिरेले २०८१ साल मङ्सिर ४ गते बिहान ७ बजे बुद्धचोकबाट सुरु हुने प्रतियोगिता भैरवरोड, लक्ष्मी आधारभूत विद्यालय, सूर्यचोक, नवोदय स्कूल, सत्यमचोक, थाहाचोक, सीतलमहल र ओमभवन हुँदै पुनः बुद्धचोकमा सकिने जानकारी दिएका छन्। प्रतियोगितामा हेटौँडाका १६ वर्ष पूरा भएका स्थायी बासिन्दाले मात्र भाग लिन पाउने छन्। सहभागीले नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको सक्कल प्रति अनिवार्य रूपमा पेश गर्नुपर्नेछ। स्वास्थ्य समस्या भएका व्यक्तिलाई भने सहभागी गराइने छैन ।

प्रतियोगिताका विजेतालाई आकर्षक नगद पुरस्कारको व्यवस्था गरिएको अध्यक्ष घिमिरेले बताए । प्रथम हुनेले २५ हजार, द्वितीय हुनेले १५ हजार र तृतीय हुनेले १० हजार रूपैयाँ प्राप्त गर्नेछन्। यस्तै चौथो र पाँचौं हुनेले क्रमशः ५ हजार र ३ हजार रूपैयाँ पाउनेछन् ।

# बागमती सरकारसंग असोज विपदको तथ्यांकै छैन

◆ विकास संवाददाता

असोज दोस्रो साता अविरल वर्षापछि आएको बाढी-पहिरोले सबैभन्दा धेरै क्षति बागमती प्रदेशमा गर्‍यो । बागमतीको काभ्रे, ललितपुर, मकवानपुर, काठमाडौं, सिन्धुली, धादिङमा ठूलो जनधनको क्षति हुन पुग्यो । गृह मन्त्रालय मातहतको राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रसँग १० असोजदेखि २९ कात्तिकसम्म बागमती प्रदेशमा कुल २५० वटा विपदजन्य घटना भएको तथ्यांक छ ।

विपदबाट ५ हजार ३३२ परिवार प्रभावित हुँदा २२० जनाको मृत्यु, १४ जना बेपत्ता, १६९ जना घाइते भएको तथ्यांक केन्द्रसँग मागेर बागमतीको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले राखेको छ । तर बागमती प्रदेशसँग आफ्नै तथ्यांक भने छैन । घटनाको डेढ महिना बितिसक्दा पनि प्रदेशका १३ वटा जिल्लामा भएका जनधनको यकिन विवरण प्रदेश सरकारले पाउन सकेको छैन । जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयमा पठाएको तथ्यांककै भरमा पर्नु परेको मन्त्रालयको विपद् व्यवस्थापन शाखा प्रमुख रविता कार्की बताउँछिन् । सबै जिल्लामा मन्त्रालय मातहतका कार्यालय नहुँदा तथ्यांक संकलन गर्न नसकिएको उनको भनाइ छ ।

प्रदेशका १३ वटै जिल्लामा प्रदेश सरकार मातहतका खानेपानी तथा पूर्वाधार हेर्ने धेरै कार्यालय छन् । तर ती निकायले आन्तरिक मामिला मन्त्रालयमा तथ्यांक पठाउँदैनन् । आन्तरिक मामिला मन्त्रालयकी प्रवक्तासमेत रहेकी कानुन उपसचिव मनुका घिमिरेका अनुसार तथ्यांक उपलब्ध गराइदिन अनुरोध गर्दा स्थानीय तह र संघीय सरकार अन्तर्गतको जिल्ला प्रशासन कार्यालयहरूले तथ्यांक नै दिँदैनन् ।

आन्तरिक मामिला मन्त्रालयले २० असोजमा सबै जिल्ला प्रशासन कार्यालयहरूलाई जिल्ला विपद व्यवस्थापन समितिमा स्थानीय तहबाट पठाइएको तथ्यांक उपलब्ध गराइदिन पत्राचार गरेको थियो । तर, मन्त्रालयले २९ कात्तिकसम्म विपद्को तथ्यांक पाउन सकेन । आन्तरिक मामिला मन्त्रालयको विपद् शाखाका अनुसार धादिङ जिल्ला प्रशासनबाट १८ असोजमा र दोलखाबाट १७ असोजमा विपद्को प्राराम्भिक तथ्यांक प्राप्त भएको थियो । कानुन मन्त्रालयकै सामुन्ने रहेको मकवानपुरको जिल्ला प्रशासन कार्यालयले पनि तथ्यांक नपठाएको विपद व्यवस्थापन शाखा प्रमुख कार्कीले बताइन् ।

'त्यही कार्यालयले संघीय सरकारलाई पठाउँछ तर हामीलाई पठाउँदैन । हाम्रो जिल्लामा कार्यालय छैन प्रशासन कार्यालयहरूलाई पत्र लेखेर भन्दा पनि पठाउँदैनन्', कार्कीले सुनाइन् ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४ . पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# नेकपा माओवादी केन्द्र थाहानगरद्वारा आभार व्यक्त

◆ विकास संवाददाता

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) थाहानगर कमिटिले २४ कार्तिकमा थाहानगरको इन्द्रायणी चौरमा सम्पन्न विशाल जनसभा भव्यताको साथ सम्पन्न गर्न सहयोग गर्नेहरूप्रति आभार व्यक्त गरेको छ । माओवादी केन्द्र थाहानगरले २५ कार्तिकमा एक विज्ञप्ती जारी गर्दै माओवादीको सहायक संगठन योङ कम्युनिष्ट लिग (वाइसिएल) नेपाल थाहानगर कमिटीको दोश्रो अधिवेशनको अवसरमा आयोजित विशाल जनसभा भव्य रूपमा सम्पन्न भएको जनाएको छ ।

थाहानगर अध्यक्ष बिनोद लामाद्वारा जारी विज्ञप्तीमा भनिएको छ–'जनसभामा आम जनसमुदायको उल्लेखनीय सहभागिताले हाम्रो पार्टीले अंगिकार गरेको सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको निम्ति भ्रष्टाचार विरूद्धको अभियानमा जनताको पूर्ण समर्थन रहेको पुष्टि गरेको छ ।' जनसभामा उपस्थित प्रमुख अतिथी माओवादी अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', उपाध्यक्ष तथा पूर्व सभामुख अग्नी सापकोटा एवम केन्द्रीय कमिटीको अन्य सदस्यहरू, वाइसिएल नेपाल केन्द्रीय कमिटीको ईन्चार्ज, अध्यक्ष, सदस्यहरू, माओवादी बागमती प्रदेश कमिटीको पदाधिकारी, सदस्यहरू वाइसिएल नेपाल बागमती प्रदेश कमिटीको पदाधिकारी, सदस्यहरू, निर्वाचित जनप्रतिनिधीहरू, जिल्ला समन्वय समितीको संयोजक, सचिब, सदस्यहरूप्रति थाहानगर कमिटले विज्ञप्ती मार्फत आभार व्यक्त गरेको छ ।

त्यसैगरी जनसभा सफल पार्न अहोरात्र खटिने थाहानगर कमिटीको ईन्चार्जलगायत नगर कमिटीको पदाअधिकारी तथा सबै सदस्यहरू, विभिन्न जनवर्गिय संगठन, मोर्चा, पेशागत संघ, महासंघको नेतृत्वपंक्ति, पार्टी वडा कमिटीका सदस्यहरू, कलाकारहरू, सुरक्षाकर्मीहरू, पत्रकारहरू तथा विशेषगरी जनसभामा उपस्थित सम्पुर्ण जन समुदायहरूप्रति माओवादीले आभार व्यक्त गरेको छ । नेकपा माओवादी केन्द्रले पार्टीमा आवद्ध बाहेक अन्य सम्पूर्णलाई इङ्गित गर्दै, जनसभा सम्पन्न गर्न नैतिक, भौतिक, आर्थिक लगायत हरतरहले सकरात्मक भावनाकोसाथ सहयोग गर्नेहरूप्रति समेत जारी गरिएको विज्ञप्ती मार्फत आभार व्यक्त गरेको छ ।

## थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपलिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# थाहानगर गोपाली गाउँको ऐतिहासिक मछिन्द्र फल्चा पुर्ननिर्माण

◆ विकास संवाददाता



मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ गोपाली गाउँका ज्ञान बहादुर गोपाली गाउँका थकाली हुन् । ८० वर्षिया गोपाली गाउँ माझमा रहको मछिन्द्र पाटी (फल्चा) पुर्ननिर्माण भएपछि खुशी छन् । मछिन्द्र फल्चा गाउँका ज्येष्ठ नागरिकहरूको घाम ताप्ने र गफ गरेर बस्ने स्थायी थलो पनि हो । त्यसोत गोपालीहरू कार्तिके भजन पनि यहि फल्चामा गाउँछन् । आफू सानै हुँदा छ्वालीले छाएको फल्चा पछि ढुङ्गाले छाएको बताउँदै ज्ञान बहादुर भन्छन्–'अहिले पुरै फल्चा पुर्ननिर्माण भएको छ, कति राम्रो काम ।'

तत्कालीन शिखरकोट गाउँ पंचायत वडा नम्बर ३ का डाँडाघरे कार्कीहरूले उक्त फल्चामा छ्वालीको छानो छाएको ज्ञान बहादुरलाई अझै हेक्का छ । आफू जन्मदै मछिन्द्र पाटी खडा भैसकेको सुनाउँदै गोपाली भन्छन्–'म त २००१ सालमा जन्मेको मलाई बाजेले सुनाउनु हुन्थ्यो, पाटी म जन्मुनु अघि नै बनिसक्या थियो ।' आफू जन्मेपछि मछिन्द्रपाटी निकै बदलिएको ज्ञान बहादुरको भनाइ छ । 'छ्वालीले छाएको फल्चा गोपाली गाउँलेले घरलौरी एक एक भारी दाउरा दिएर छ्वालीको छनो उतारेर टायल लगाएका हौ ।' वि.सं. २०१० सालमा हिटी साहिला ग्वाले राइटर बाजेले पाटीमै मछिन्द्रनाथको मन्दिर बनाउन लगाएको ज्ञान बहादुरले बताए । ग्वाले राइटर बाजे भनेर चिनिने शेर बहादुर गोपालीले ऋषेश्वर महादेव मन्दिरको गुम्बामा बस्ने बुद्धि राम साका:भिक्षुको आदेश अनुसार मन्दिर बनाएका हुन् । साका भिक्षु र हिटी साहिलाको दाजुभाइ र राइटर बाजेको समेत सहयोगमा बनाइएको मन्दिर अहिले पुर्ननिर्माण गरिएको फल्चामा चिटिक्क पारेर राखिएको छ ।

ज्ञान बहादुरका अनुसार–हिटि साहिलाको घरमा भएको मछिन्द्रको मुर्तिलाई फल्चामा प्रतिस्थापन गरेका हुन् । गाउँका सबैले विशेष पुजाआजा र रातभर जाग्राम बसी भोलिपल्ट रथारोहण सहित गाउँ परिक्रमा गराइ वि.सं. २०१० सालमा फल्चामा प्रतिस्थापन गरिएको ज्ञान बहादुरको भनाइ छ । वि.सं. २०७२ सालको भुकम्पले पाटी (फल्चा)मा क्षति पुर्याएपछी सामाजिक विकास मन्त्रालय बागमती प्रदेश अन्तर्गत पर्यटन विकासको योजनाको ८ लाखको बजेटबाट फल्चा पुर्ननिर्माण भएको हो । प्रदेश सांसद कुमारी मोक्तानको पहलकै कारण फल्चा पुर्ननिर्माण गर्न सफल भएको निर्माण समितिकी अध्यक्ष शकुन्तला गोपालीले बताइन् । फल्चा पुर्ननिर्माणका लागि प्रदेश सरकारको ८ लाख स्थानीयको जनश्रमदान एक लाख र थाहा नगरपालिका वडा नम्बर ३ बाट ५ लाख बजेट लगानी भएको अध्यक्ष गोपालीको भनाइ छ ।

अध्यक्ष गोपालीका अनुसार–'प्रदेश सरकारले दिएको बजेटबाट पाटीको काम सकियो अब वडाको बजेटबाट पाटी अगाडिको चौताराको काम बाँकी छ, छिट्टै सो चौतारोको पनि पुनर्निर्माण हुन्छ ।'

# मंसिर ९ गतेबाट पालुङ जेसीज सप्ताह सुरू

◆ विकास संवाददाता

मकवानपुरको थाहानगरमा क्रियाशील पालुङ जेसीजको जेसीज सप्ताह ९ मङ्सिरबाट सुरू हुने भएको छ । पालुङ जेसीज २०२४ अध्यक्ष निरज रायमाझीका अनुसार विविध कार्यक्रम आयोजना गरी यस वर्षको सप्ताहव्यापी कार्यक्रम गरिनेछ । अध्यक्ष रायमाझीका अनुसार–७ मङ्सिरमा जेसीज सप्ताह उद्‌घाटन गरिने कार्यक्रम तय भएको छ भने ९ देखि १४ मंसिरसम्म ७ वटा कार्यक्रम सञ्चालन हुनेछन् ।

पालुङ जेसीज सप्ताह अन्तर्गत ९ मंङ्सीरमा लक्ष्य निर्धारण तालिम कार्यक्रम गरिने छ । सो कार्यक्रमको संयोजकमा विराज थापा तोकिएका छन् । १० मङ्सिरमा विश्वनाथ रायमाझीको संयोजकत्वमा प्रदिप जेसीज दौड प्रतियोगिता, ११ मङ्सिरमा अजय कार्कीको संयोजकत्वमा न्यानो कपडा वितरण कार्यक्रम, १२ मङ्सिरमा रोशनी गोपालीको संयोजकत्वमा वक्तृत्वकला प्रतियोगिता, १३ मङ्सिरमा रचना बस्नेतको संयोजकत्वमा भरत–रत्न छात्रवृत्ति कार्यक्रम र सप्ताह अन्तर्गतको अन्तिम दिन १४ मङ्सिरमा श्रीकृष्ण श्रेष्ठको संयोजकमा मैत्रीपुर्ण जेसीज कप फुटबल प्रतियोगिता सञ्चालन हुनेछ । पालुङ जेसीजले सञ्चालन गरेको सप्ताहव्यापी कार्यक्रमको समापन १५ मंसिरमा गरी पुरस्कार तथा प्रमाणपत्र वितरण गरिने छ ।

जेसीज सप्ताह भव्यताकोसाथ सम्पन्न गर्नका लागि मान सिंह दोङ संयोजक र नारायण कार्की सहसंयोजक तोकिएका छन् । जेसीजले हरेक वर्ष विभिन्न रचनात्मक क्रियाकलाप गर्दै आफ्नो सप्ताहव्यापी कार्यक्रम गर्दै आइरहेको महासचिव विक्रम गोपालीले जानकारी दिए ।

# मकवानपुरको थाहा सरकारले कृषिदेखि डाक्टर पढ्नसम्म छात्रवृत्ति दिने

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाले प्राविधिक शिक्षा पढ्नको लागि छात्रवृत्ति दिने भएको छ । थाहा नगरपालिकाको 'उपप्रमुख प्राविधिक छात्रवृत्ति वितरण कार्यविधि, २०८१' बमोजिम छात्रवृत्ति दिनका लागि सूचना आव्हान गरेको छ ।

२७ कार्तिकमा प्रकाशित सूचनाको दरखास्त अवधि दिने ७ दिन तोकिएको छ । थाहा नगरपालिकामा स्थायी बसोबास भएका र प्राविधिक विषयमा स्नातक वा स्नातकोत्तर तह अध्ययन गरिरहेकालाई छात्रवृत्ति दिने नगरपालिकाले जनाएको छ ।

सूचना अनुसार चिकित्सा शास्त्र स्नातक तथा स्नातकोत्तर तह, इन्जिनियरिङ तथा स्नातकोत्तर तह, कृषि स्नातक, नर्सिङ स्नातक र अन्य प्राविधिक विषय पढ्न छात्रवृत्ति प्रदान गरिने सूचनामा उल्लेख छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

## राखेप सदस्य सचिवमा लामालाई सम्मान

◆ विकास संवाददाता

राष्ट्रिय खेलकुद परिषद् (राखेप) कर्मचारी संघले प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशका सदस्य सचिव दीपक लामालाई २ मंसिरमा सम्मान गरेको छ ।

सदस्य सचिवमा नियुक्त भएकोमा लामालाई सम्मान गरिएको सङ्घले जनाएको छ । सो अवसरमा सङ्घकी अध्यक्ष सरस्वती केसी र महासचिव कुमार बस्नेतले सदस्य सचिव लामालाई दोसल्लासहित मायाको चिनो प्रदान गरी सम्मान गरिएको हो ।

कार्यक्रममा राखेप कर्मचारी संघका पूर्व अध्यक्ष रञ्जन थापालगायतका पदाधिकारीले सदस्य सचिव लामालाई बधाई दिदै कार्यकाल पूर्ण सफलताका लागि शुभकामना दिए । लामाले खेलकुदको विकास र विस्तारका लागि सबैसँग सहकार्य गरी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै खेल पूर्वाधारको संरक्षण ठूलो चुनौती भएको बताए ।

## जनकल्याण माविले उचाल्यो... .. .

खेलकुद विकास समितिका संयोजक टिकाराम स्याङ्तानको अध्यक्षतामा भएको थियो । २९ कार्तिकबाट ३ दिनसम्म थाहानगरको इन्द्रायणी चौरमा राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन भएको थियो ।

हेर्नुहोस विद्यालय अनुसार पदक तालिका:

| क्र.स. | विद्यालयको नाम | स्वर्ण | रजत | कास्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | जनकल्याण मा.वि.,थाहा-३ घट्टेचौर | २८ | ८ | १० | ४६ |
| २ | स्वच्छन्द भैरव मा.वि., थाहा-९,चित्लाङ | ८ | ५ | १ | १४ |
| ३ | सुनौला मा.वि., थाहा-१,कुन्छाल | २ | ७ | ९ | १८ |
| ४ | बज्रबाराही मा.वि., थाहा-६,थहचोक | २ | | २ | ४ |
| ५ | मत्स्यनारायण मा.वि.,थाहा-२,सोल्टु | १ | १ | | २ |
| ६ | ईअन इङ्लिस बोर्डिङ स्कुल,थाहा-६ | १ | | २ | ३ |
| ७ | झम्केश्वरी मा.वि.,थाहा-१, ओखरबजार | | ११ | ३ | १४ |
| ८ | वागेश्वरी मा.वि., थाहा-११,नौखण्डे | | ५ | ४ | ९ |
| ९ | नाटेश्वर मा.वि.,थाहा-१०, टौखेल | | २ | ३ | ५ |
| १० | हिमालयन इङ्लिस बोर्डिङ स्कुल,थाहा-४ | | | ६ | ६ |
| ११ | इन्द्रायणी मा.वि.,थाहा-८, आग्रा | | | १ | १ |
| १२ | सुन्दरीदेवी मा.वि., थाहा-७,डाडाँबास | | | | ० |
| १३ | सरस्वती मा.वि.,थाहा-७, देउखेल | | | | ० |
| १४ | पालुङ इङ्लिस बोर्डिङ स्कुल,थाहा-२ | | | | ० |
| १५ | भ्यालि हार्ट एकेडेमी,थाहा-३ | | | | ० |
| १६ | पालुङ मोर्डन इङ्लिश स्कुल,थाहा-१ | | | | ० |
| १७ | सरस्वती विद्या मन्दिर,थाहा-६ | | | | ० |

# इलाका प्रहरी कार्यालय पालुङलाई कुर्सी र वाटर डिस्पेन्सर सहयोग

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ शिखरकोटमा रहेको स्वावलम्बन लघुवित्त वित्तीय संस्थाले इलाका प्रहरी कार्यालय पालुङलाई २० थान कुर्सी र दुई थान वाटर डिस्पेन्सर सहयोग गरेको छ । थाना बजारको गंगा होटलमा भएको एक कार्यक्रमका बिच थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर बिष्टले इलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविन बाबु अर्याललाई उक्त सामाग्री हस्तान्तरण गरेका हुन् ।

स्वावलम्बन लघुवित्तले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत उक्त सामाग्री सहयोग गरेको शाखा प्रवन्धक रामनाथ खड्काले बताए । कार्यक्रममा बोल्दै थाहानगर प्रमुख बिष्टले वित्तीय संस्थाले ग्राहक तथा ग्राहक परिवारको हकहितलाई मध्यनजर राख्दै विभिन्न वित्तीय सेवा लगायत सामुदायिक क्रियाकलापमा संलग्न रहि घरदैलोमा लघुवित्त सेवा पुर्याउनु पर्नेमा जोड दिए । ग्राहकको वित्तीय सचेतना कार्यक्रम अन्तरगत संस्थाले विभिन्न स्थानमा वित्तीय साक्षरता कार्यक्रम संचालन समेतमा जोड दिई संस्थाबाट लगेको ऋण सहि सदुपयोग भए नभएको अनुगमन गर्नुपर्ने उनको भनाइ थियो । सो अवसरमा इलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविन बाबु अर्यालले शान्ती सुरक्षा कायम गर्न बसेका सुरक्षा निकायलाई यस्ता खालको सहयोगले थप जिम्मेवारी बोध गराएको बताउदै सहयोगको निम्ति संस्थालाई धन्यवाद व्यक्त गरे ।



संस्थाका समूह अध्यक्ष रुपा खत्रीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर १ का कार्यवाहक अध्यक्ष सरोज प्रधान, वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकाल, पालुङ जेसीजका अध्यक्ष निरज रायमाझी, संस्थाका केन्द्रिय कार्यालयका प्रतिनिधि सन्तबहादुर सुयाल, लायन्स क्लव थाहाका अध्यक्ष सतिदेवी स्याङ्तान लगायतकाले शुभकामना दिएका थिए ।

स्वावलम्बन लघुवित्तले विगत २९ वर्षदेखि यस क्षेत्रमा लघुकर्जाको सहायताले गरिबी निवारण र महिलाहरूलाई उद्यमशीलता बनाइ आम्दानीको कार्यमा सम्मिलित गर्नुको साथै विप्रेषणको कार्य गर्दै आइरहेको छ ।

## दाईजो प्रथा निरूत्साहित गरौं !

- चल, अचल सम्पत्ति, दाईजोको रुपमा माग गर्नुहुदैन,
- लेनदेनको शर्त राखी विवाह गर्नु/गराउनु हुदैन,
- विवाह गरी सकेपछि चल, अचल सम्पत्ति वा दाईजो माग गर्नु हुँदैन,
- दाईजो नदिएको कारण यातना दिने वा अमानवीय वा अपमानजन्य व्यवहार गर्नु हुदैन,
- यस्ता कार्य कानूनबमोजिम दण्डनीय छन् । यस्तो गरेको पाइएमा स्थानीय प्रशासनमा खबर गरौं ।
- विवाह जस्तो पवित्र बन्धनलाई लेनदेनको विषय नबनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी